**आकाशवाणी समाचार- नेपाली**

मितिः ३ मार्च २०२५

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

**१.** आज विश्व वन्यजन्तु दिवस हो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको जूनागढ जिल्लाको सासन गिरमा नेशनल बोर्ड फर वाइल्डलाइफ, एनबीडब्ल्यूएलको बैठकको अध्यक्षता गर्नुहुनेछ।

**२.** वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले भोलिदेखि वासिङ्टनको भ्रमण गर्नुहुने छ । भारत अनि अमेरिकाबीच प्रस्तावित द्विपक्षीय व्यापार सम्झौताका लागि वार्ताको क्रममा यो भ्रमण हुन लागेको हो ।

**३.** केंद्रीय गृह अनि सहकारिता मंत्री अमित शाहले आज नयाँ दिल्लीमा डेयरी क्षेत्रमा निरंतरता अनि संसाधनहरुको अधिकतम प्रयोग तथा न्यूनतम बर्बादी माथि कार्यशालाको उद्घाटन गर्नुहुनेछ ।

**४.** महाराष्ट्र राज्य विधानसभाको बजट सत्र आज देखि राज्यपाल सी.पी. राधाकृष्णनको अभिभाषण बाट शुरू हुनेछ ।

**५.** दुबईमा आईसीसी चैंपियंस ट्रॉफीको ग्रुप-ए को अंतिम लीग म्याचमा भारतले न्यूजीलैंडलाई 44 रनले पराजित गरेको छ

**६.** सेमीफाइनलमा भारतको भिडन्त ऑस्ट्रेलिया सित हुनेछ जबकि न्यूजीलैंडको भिडन्त ग्रुप बी को नम्बर एक टीम दक्षिण अफ्रीका सित हुनेछ ।

**पीएम-गुजरात**

आज विश्व वन्यजन्तु दिवस हो। यस अवसरमा प्रधानमन्त्री नरेन्द्र मोदीले गुजरातको जूनागढ जिल्लाको सासन गिरमा नेशनल बोर्ड फर वाइल्डलाइफ, एनबीडब्ल्यूएलको बैठकको अध्यक्षता गर्नुहुनेछ। एनबीडब्लूएलमा सेनाप्रमुख, विभिन्न राज्यका सदस्यहरू, यस क्षेत्रमा काम गर्ने गैरसरकारी संस्थाका प्रतिनिधिहरू, मुख्य वन्यजन्तु वार्डेनहरू र विभिन्न राज्यका सचिवहरू सहित ४७ जना सदस्यहरू छन्। प्रधानमन्त्री यसको अध्यक्ष हुनुहुन्छ । यो बोर्डले वन्यजन्तु र वनको संरक्षण र विकासलाई बढावा दिने काम गर्दछ । भेटपछि मोदीले सासनमा महिला वन अधिकारीसँग पनि अन्तरक्रिया गर्नेछन् । आज बिहान प्रधानमन्त्री गिर राष्ट्रिय निकुञ्जमा सिंह सफारीमा जानुहुनेछ । मोदीले जामनगरस्थित वन्तारा एनिमल रेस्क्यु सेन्टरको भ्रमण गरेका थिए । उनले सोमनाथ मन्दिरको दर्शन गरी सोमनाथ महादेवको पूजा अर्चना गरेका थिए । प्रधानमन्त्री ओलीले हिजो साँझ सोमनाथ ट्रष्टको बैठकको अध्यक्षता पनि गरेका थिए । मोदी शनिबारदेखि गुजरातको तीन दिने भ्रमणमा छन् ।

****** ० ******

**प्रधानमंत्री-सोमनाथ**

प्रधानमंत्री नरेन्द्र मोदीले हिज गुजरातको सोमनाथ मंदिरमा पूजा अर्चना गर्नुभयो अनि सबै देशवासीहरुको स्वास्थ्य अनि समृद्धिको कामना गर्नुभयो । एक सोशल मीडिया पोस्टमा श्री मोदीले भन्नुभयो उहाले प्रयागराजमा महाकुंभ पछि उहा सोमनाथ जाने संकल्प लिनुभएको थियो , जो 12 ज्योतिर्लिंगहरु मद्धे प्रथम हो । सोमनाथ मंदिरमा प्रार्थना गरेर धन्य महसूस भैरहेको उहाले बताउनुभयो । उहाले भन्नुभयो यो मंदिरले हाम्रो संस्कृतिको कालजयी विरासत अनि साहसलाई प्रकट गर्दछ ।

****** ० ******

**गोयल-यूएसए टूर**

वाणिज्य तथा उद्योगमन्त्री पियुष गोयलले भोलिदेखि वासिङ्टनको भ्रमण गर्नुहुने छ । भारत अनि अमेरिकाबीच प्रस्तावित द्विपक्षीय व्यापार सम्झौताका लागि वार्ताको क्रममा यो भ्रमण हुन लागेको हो । गोयलले अमेरिकी व्यापार प्रतिनिधि यूएसटीआर जेमिसन ग्रीर र वाणिज्य मन्त्री हावर्ड लुटनिकसँग वार्ता गर्ने अपेक्षा गरिएको छ। भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हालैको वासिङ्टन भ्रमणका क्रममा भारत र अमेरिकाले बर्ष २०३० सम्ममा द्विपक्षीय व्यापारलाई दुई गुणा बढाएर ५०० अर्ब अमेरिकी डलर पु¥याउने प्रतिबद्धता जनाएका थिए । दुवै देशले बहुक्षेत्रीय द्विपक्षीय व्यापार सम्झौताको पहिलो चरण सन् २०२५ को अन्त्यसम्ममा सम्पन्न

गर्ने प्रतिबद्धता व्यक्त **गरेका** छन् । गत महिना गोयलले भारत र अमेरिकाले आगामी ६ देखि ८ महिनामा द्विपक्षीय व्यापार ५०० अर्ब अमेरिकी डलर पु¥याउने र बलियो व्यापार सम्झौताका लागि वार्ता गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भारतविरुद्ध उच्च करको वकालत गरिरहेका बेला यो भ्रमण महत्वपूर्ण छ ।

****** ० ******

**नयाँ दिल्लीमा डेरी**

केन्द्रीय गृह तथा सहकारिता मन्त्री अमित शाहले आज नयाँ दिल्लीमा डेरी क्षेत्रमा दिगोपना र परिपत्रसम्बन्धी कार्यशाला को उद्घाटन गर्नुहुनेछ । कार्यशालामा सहकारिता मन्त्रालय र पशुपालन, डेरी तथा मत्स्यपालन मन्त्रालयको नीति तथा पहलमा के न्द्रित हुनेछ, जसको उद्देश्य वातावरणीय उत्तरदायित्वसहितको आर्थिक वृद्धि सुनिश्चित गर्दै दिगो डेरी खेतीलाई बढावा दिनु हो । एक रिपोर्ट:

****** ० ******

**महाराष्ट्र बजेट अधिवेशन**

महाराष्ट्र राज्य विधान सभाको बजेट सत्र आज राज्यपाल सी.पी.राधाकृष्णनको अध्यक्षतामा सुरु हुँदैछ। यो बजेट राधाकृष्णनको सम्बोधनबाट सुरु हुनेछ। उपमुख्यमन्त्री तथा वित्तमन्त्री अजित पवारले मार्च १० मा बजेट प्रस्तुत गर्नेछन्। मुख्यमन्त्री देवेन्द्र फडणवीसले राज्य सरकारले सन्तुलित बजेट प्रस्तुत गर्नुहुने बताएको छ। उहाँले पूँजीगत खर्च प्रभावित नहुने गरी बजेट तयार गरिने बताउनुभयो। उहाँले यस प्रक्रियामा कुनै पनि ठूला योजना बन्द नहुने आश्वासन पनि दिनुभयो। मुख्यमन्त्रीले अधिवेशनमा सबै विधेयकमाथि छलफल गर्न सरकार तयार रहेको र विपक्षी दलहरूले सहयोग गर्नुपर्ने र विभिन्न विषयमा आफ्ना विचार राख्नुपर्ने बताउनुभयो।यो बजेट सत्र मार्च २६ सम्म जारी रहनेछ।

****** ० ******

**महाराष्ट्र बजेट अधिवेशन**

महाराष्ट्र राज्य विधान सभाको बजेट सत्र आज राज्यपाल सी.पी.को अध्यक्षतामा सुरु हुँदैछ। यो बजेट राधाकृष्णनको सम्बोधनबाट सुरु हुनेछ। उपमुख्यमन्त्री तथा वित्तमन्त्री अजित पवारले मार्च १० मा बजेट प्रस्तुत गर्नेछन्। मुख्यमन्त्री देवेन्द्र फडणवीसले राज्य सरकारले सन्तुलित बजेट प्रस्तुत गर्नुहुने बताएको छ। उहाँले पूँजीगत खर्च प्रभावित नहुने गरी बजेट तयार गरिने बताउनुभयो। उहाँले यस प्रक्रियामा कुनै पनि ठूला योजना बन्द नहुने आश्वासन पनि दिनुभयो। मुख्यमन्त्रीले अधिवेशनमा सबै विधेयकमाथि छलफल गर्न सरकार तयार रहेको र विपक्षी दलहरूले सहयोग गर्नुपर्ने र विभिन्न विषयमा आफ्ना विचार राख्नुपर्ने बताउनुभयो।यो बजेट सत्र मार्च २६ सम्म जारी रहनेछ।

****** ० ******

**मध्य प्रदेश – विद्युत**

अब मध्य प्रदेशमा किसानहरूलाई ५ रुपैयाँमा स्थायी बिजुली जडान प्रदान गरिनेछ। हिजो भोपालमा आयोजित किसान आभार सम्मेलनमा मुख्यमन्त्री डा. मोहन यादवले यो सुविधा राज्यका सबै किसानहरूलाई चरणबद्ध रूपमा उपलब्ध गराइने बताए। हाम्रो संवाददाताले रिपोर्ट गर्छन्:

****** ० ******

**दिल्ली विधानसभा**

दिल्ली विधानसभामा मुख्यमन्त्री रेखा गुप्ता द्वारा २८ फरवरीमा पेश गरिएको **क्याग** प्रतिवेदनमाथि छलफल सुरु हुनेछ । प्रतिवेदन 'दिल्ली सरकारअन्तर्गत सार्वजनिक स्वास्थ्य पूर्वाधार र स्वास्थ्य सेवाको व्यवस्थापनमा कार्यसम्पादन लेखापरीक्षण' हो, जसमा बर्ष २०१६–१७ देखि २०२१ –२२ सम्मको अवधि समेटिएको छ । प्रतिवेदनले कोभिडको समयमा कोषको न्यून उपयोग, परियोजनाहरूमा ढिलाइ र अस्पतालहरूमा औषधि र कर्मचारीहरूको अभावलाई उजागर गरेको छ। प्रतिवेदनमा पूर्ववर्ती सरकारले कोभिडको समयमा केन्द्रबाट प्राप्त ७८८ करोड रुपियाँ बाट ५४३ करोड रुपियाँ मात्र खर्च गरेको उल्लेख गरिएको छ । यसबाहेक दिल्लीमा 'पानीको अभाव, पानी जमेको, ढलको जाम र ढल सफा गर्ने' विषयमा पनि सदनमा संक्षिप्त छलफल हुनेछ ।

****** ० ******

**भारत-बांग्लादेश नदी विशेषज्ञ**

भारत र बङ्गलादेशका नदी विशेषज्ञहरूले आज पश्चिम बङ्गालको फरक्काको भ्रमण गर्ने भएका छन् । आगामी बर्ष २०२६ को डिसेम्बरमा समाप्त हुने गङ्गा जल सन्धिको नवीकरणको सन्दर्भमा फरक्कामा पानीको सतहको समीक्षा गर्न यो भ्रमण हुन लागेको हो। संयुक्त नदी आयोग (जेआरसी) का सदस्य मोहम्मद अबुल हुसेनको नेतृत्वमा ११ सदस्यीय बङ्गलादेशी प्रतिनिधिमण्डल अवलोकनका लागि फरक्का पुग्नेछ । बङ्गलादेशका विज्ञहरूले मार्च ७ मा राज्यका सिंचाइ सचिव मनिष जैनसँग बैठक गर्नेछन्। जलशक्ति मन्त्रालयका अनुसार भारत र बङ्गलादेशमा ५४ वटा नदी छन् । भारत र बङ्गलादेशको संयुक्त नदी आयोग बर्ष १९७२ मा सीमापार नदीहरूमा पारस्परिक हितका मुद्दाहरूलाई सम्बोधन गर्न द्विपक्षीय संयन्त्रको रूपमा गठन गरिएको थियो। बर्ष १९९६ डिसेम्बर १२ मा तत्कालीन भारतीय प्रधानमन्त्री एचडी देवेगौडा र बंगलादेशकी प्रधानमन्त्री शेख हसिनाले गंगा जल सन्धिमा हस्ताक्षर गरेका थिए ।

****** ० ******

**रात्रि चैंपियंस ट्रॉफी**

दुबईमा आईसीसी चैंपियंस ट्रॉफीको ग्रुप-ए को अंतिम लीग म्याचमा भारतले न्यूजीलैंडलाई 44 रनले पराजित गरेको छ । 250 रनको लक्ष्यको पीछा गर्दै न्यूजीलैंड 45 ओवर अनि 3 बलमा 205 रनमानै ऑल आउट भयो । न्यूजीलैंडको तर्फ बाट केन विलियमसनले सर्वाधिक 81 रन बनाए। वरूण चक्रवर्तीले 5 विकेट, कुलदीप यादवले 2 हार्दिक पांड्या, अक्षर पटेल अनि रविन्द्र जडेजाले एक-एक विकेट लिए। वरूण चक्रवर्तीलाई प्लेयर ऑफ द म्याच घोषित गरीयो । यस भन्दा पुर्ब भारतीय टीमले निर्धारित 50 ओवरमा 9 विकेटमा 249 रन बनाए। श्रेयस अय्यरले सर्वाधिक 79 रन बनाए । न्यूजीलैंडको तर्फ बाट मेट हेनरीले पांच विकेट लिए। दुवै दल अघिबाटै सेमीफाइनल पुगिसकेको छ । यस जीत पछि भारत ग्रुप-ए मा अंक तालिकामा शीर्षमा रहेको छ । सेमीफाइनलमा भारतको भिडन्त ऑस्ट्रेलिया सित हुनेछ जबकि न्यूजीलैंडको भिडन्त ग्रुप बी को नम्बर एक टीम दक्षिण अफ्रीका सित हुनेछ ।यो विराट कोहलीको 300 ओ एक दिवसीय म्याच थियो ।

****** ० ******